# बेलकोटगढी नगरपालिका
# BELKOTGADHI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
बाघखोर, नुवाकोट
BAGHKHOR, NUWAKOT

प.सं.(Ref.No.) : २०८३/०८४(2083/084)
च.नं.(Dispatch No.):

बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL


मितिः २०८३/०६/२७

**विषय: रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण संकलन तथा दर्तासम्बन्धी अत्यन्त जरुरी सूचना।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौँबाट जारी गरिएको रसुवा भोटेकोशी बाढीमा वेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ अनुसार मिति २०८३/०५/१० गते रसुवा भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता हुनुभएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी अन्तिम प्रमाणीकरण गर्नुपर्ने भएकाले यस नगरपालिका अन्तर्गत स्थायी ठेगाना भई उक्त बाढीमा परी कोही व्यक्ति बेपत्ता हुनुभएको भए यो सूचना प्रकाशित भएको मितिले **५ (पाँच) दिनभित्र** देहाय बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित वडा कार्यालयमा निवेदन पेश **गर्न यो सूचना प्रकाशन गरिएको छ।**

**१. नेपाली नागरिक बेपत्ता भएको भए अपनाउनुपर्ने प्रक्रिया:**

- **एकाघरका परिवारले पेश गर्नुपर्ने:** बेपत्ता व्यक्तिको एकाघरका परिवारका सदस्यले वेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, एकाघरका परिवार र वेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोहि बाढीमा बेपत्ता भएको हो भन्ने यसै सूचना साथ संलग्न निवेदन र स्वोघोषणा सहित वडा कार्यलायमा निवेदन पेश गर्नुपर्नेछ।

- **परिवारका सदस्य नभएको अवस्थामा:** बेपत्ता व्यक्तिको एकाघरमा कुनै परिवार सदस्य उपलब्ध नभएमा, सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा बेपत्ता भएको यकिन गरी **सर्जमिन मुचुल्का** सहित **वडा कार्यालयमा** निवेदन पेश गर्नुपर्नेछ।

*पुनश्च : सूचनाको समयावधि समाप्त भए लगत्तै वडा समितिबाट सिफारिस साथ प्राप्त भएका वेपत्ता व्यक्तिहरुको विवरण जांचबुझ गरी यस नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्ने छ।*

२०८३/०५/२६

(शंकरराज पाठक)
(प्रमुख प्रशासकीय अधिकृत

## निवेदनको ढाँचा

मितिः...../....../....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यालय,
..................................पालिका।

### विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा...............प्रदेश ............जिल्ला....................पालिका........नं.वडा स्थायी ठेगाना भएका ..................................................को नाती /नातिनी /बुहारी, ..........................................................................को छोरा /छोरी /बुहारी वर्ष...............को श्री ........................................................... मिति २०८३-०५-१० गते ..........................................स्थानमा ..................,....................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |

कार्यकारी प्रमुख

नेपाल सरकार गृह मन्त्रालय ... एकीकरण तथा व्यवस्थापन ... सिंहदरबार, काठमाडौं

## स्वघोषणाको ढाँचा

मितिः ...../....../......

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय,
..................................पालिका

**विषयः स्वघोषणा ।**

रसुवा भोटेकोशी बाढीमा परी..................प्रदेश .........................जिल्ला...................................पालिका........नं. वडा स्थायी ठेगाना भएका ..........................................................को नाति /नातिनी /बुहारी, ..........................................................को छोरा /छोरी /बुहारी वर्ष............को मेरो ......................नाता पर्ने श्री ..........................................................मिति २०८२-०५-१० गते ....................................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक

(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख